# भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५

प्रमाणीकरण मिति
२०७५।६।२

संवत् २०७५ सालको ऐन नम्बर १५

भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **भूमि सम्बन्धी ऐन, २०२१ मा दफा ५२क. थप** : भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-

"५२क. **जमिन उपलब्ध गराउने** : (१) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए बमोजिम तीन वर्षभित्र जमिन उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको जमिन नामसारी र अंशवण्डा बाहेक अन्य प्रक्रियाबाट कसैलाई पनि दश वर्षसम्म हक हस्तान्तरण गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोग, समिति वा कार्यदल गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको आयोग, समिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय